सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश
०७२-WO-०६४६
मुद्दाः- उत्प्रेषण।

उपभोक्ता हित संरक्षण मञ्च नेपाल अ.प्रा.स. अधिवक्ता ज्योति बानिया-------- निवेदक

विरुद्ध

सभामुख ओनसरी घर्ती मगर व्यबस्थापिका संसद काठमाडौं समेत ----------- विपक्षी

यसमा निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री विश्वकान्त मैनाली, श्री लक्ष्मी वहादुर निराला, श्री शम्भु थापा अधिवक्ताहरु श्री टिकाराम भट्टराई, श्री चन्द्रकान्त ज्ञवाली, श्री हरि फुँयाल, श्री ईश्वरी भट्टराई, श्री बालकृष्ण ढकाल र श्री शंकर सुवेदी समेतले गर्नु भएको वहस सुनि निवेदन ब्यहोरा समेत अध्ययन गरियो।

निवेदकले प्रस्तुत निवेदनमा न्याय परिषद्ले सर्वोच्च अदालतमा रिक्त न्यायाधीश पदमा नियुक्तिको लागि २०७२।११।१८ मा सिफारिश गर्ने निर्णय गरि मिति २०७२।११।१९ मा संसदिय सुनुवाईको लागि व्यवस्थापिका संसदमा पठाएकोमा व्यवस्थापिका संसद सचिवालयबाट मिति २०७२।११।२३ को सम्माननीय सभामुखको निर्देशन अनुसार भनि उक्त सिफारिश पत्र फिर्ता पठाएको विषयलाई लिएर प्रस्तुत निवेदन दिएको देखिंदा सो विषय निवेदकले विपक्षी बनाएको विपक्षी नं. ३, ४ र ५ सँग सम्बन्धित नदेखिएको हुँदा निजहरुबाट लिखित जवाफ मगाई रहनु परेन। विपक्षी नं. १ र २ बाट मात्र लिखित जवाफ माग गर्नु पर्ने देखिएकोले यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने मनासिव आधार कारण भए सो समेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले बाटाका म्यादवाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं. १ र २ ले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेश गर्नु भनी निवेदन र आदेशको प्रतिलिपी समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघे पछि नियमानुसार गरी पेश गर्नू ।

निवेदकले अन्तरिम आदेशको माग गरे तर्फ विचार गर्दा संवैधानिक परिषद्को निर्वाचन आयोगको प्रमुख आयुक्तको सिफारिश गर्ने निर्णय समेत व्यवस्थापिका संसदबाट फिर्ता भएको कार्य समेत रोकी पाऊँ भनि दावी गरे पनि सोको कुनै प्रमाण निवेदन साथ नरहेकोले सो सम्बन्धमा अहिले केही बोली रहनु परेन।

निवेदन संलग्न व्यवस्थापिका संसद सचिवालयको न्यायपरिषद्को सचिवलाई सम्बोधन गरी लेखेको मिति २०७२।११।२३ को पत्रको व्यहोरा हेर्दा नेपालको संविधानको धारा १५३ अनुसार न्याय परिषद्को गठन भई नसकेको र संविधानको धारा २९२ बमोजिम व्यवस्थापिका संसदमा संसदिय सुनवाई सम्बन्धि समिति गठन भई नसकेको समेतको आधारमा न्याय परिषद्को मिति २०७२।११।१८ को सर्वोच्च अदालतको न्यायाधीश नियुक्ति गर्ने सिफारिश सहित संसदिय सुनुवाईको लागि सिफारिश भएका ११ जना न्यायाधीशको नाम सहितको मिति २०७२।११।१९ को पत्रबाट सम्पादन गर्नु पर्ने कार्य हाल कार्यान्वयनमा ल्याउन नसक्ने हुँदा फिर्ता पठाएको भन्ने उक्त पत्रको व्यहोराबाट देखिन आउँछ। संविधानको धारा १५३ अनुसार न्याय परिषद् कायम रहेको देखिएको छ। हालको अवस्थामा अध्यक्ष सहित ३ जना परिषद्को सदस्य रहेको अवस्थामा न्याय परिषद् ऐन, २०४७ को दफा १३(५) अनुसार उक्त संख्या न्याय परिषद्को गणपुरक मान्न मिल्ने नै देखिंन्छ।

संविधानको धारा २९२ अनुसार सर्वोच्च अदालतमा न्यायधीशको नियुक्ति हुनु अघि संसदिय सुनुवाई हुनु पर्ने अनिवार्य व्यबस्था रहेको छ। संसदिय सुनुवाई समिति गठन गर्ने कुरा व्यवस्थापिका संसद र सभामुख समेतको भएको देखिएको छ।

सर्वोच्च अदालतको न्यायाधीश सिफारिश गर्ने न्याय परिषद्को निर्णय र संसदिय सुनुवाईको लागि संसद सचिवालयमा पठाएको काम कारवाही नेपालको संविधान र प्रचलित कानूनको समेत प्रतिकूल भएको देखिन आएको छैन। सिफारिश फिर्ताको उक्त पत्रमा सम्माननीय सभामुखबाट भएको निर्देशन अनुसार फिर्ता पठाएको आधारहरु उल्लेख गरेको भए पनि त्यसरी न्याय परिषद्बाट न्यायाधीश नियुक्तिको लागि सिफारिश गरि संसदिय सुनुवाईको लागि न्यायाधीशको नाम सहित पठाएको पत्र फिर्ता पठाउने सम्माननीय सभामुखले आफुलाई प्राप्त कुन अधिकारको प्रयोग गर्नु भएको हो सो पत्रमा उल्लेख भएको देखिंदैन।

तसर्थ न्याय परिषद्ले सर्वोच्च अदालतमा रिक्त न्यायाधीश नियुक्ति सम्बन्धि सिफारिश त्रुटीपूर्ण नदेखिएको र न्यायाधीश नियुक्ति अघि संसदिय सुनुवाई हुनु अनिवार्य देखिंदा न्यायाधीश नियुक्तिको लागि संसदिय सुनुवाई गर्न पठाएको मिति २०७२।११।१९ को पत्र न्याय परिषद्मा नै फिर्ता पठाएको व्यवस्थापिका संसद

सचिवालयको मिति २०७२।११।२३ को पत्र प्रथम दृष्टिमा नै त्रुटीपूर्ण देखिंदा सुविधा र सन्तुलनको दृष्टीले समेत उक्त पत्र हाल कार्यान्वयन नगरी यथा अवस्थामा राख्नु, न्याय परिषद्को मिति २०७२।११।१८ को सर्वोच्च अदालतको न्यायाधीश सिफारिश गर्ने निर्णयमा प्रतिकुल असर पर्ने गरी कुनै काम कारवाही नगर्नु र सिफारिस भएका व्यक्तिहरुको संसदिय सुनुवाई सम्वन्धी प्रक्रिया संविधान वमोजिम गर्नु गराउनु भनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीको नाममा अन्तरिम आदेश जारी गरी दिएको छ। यो आदेशको जानकारी विपक्षीलाई दिई नियमानुसार पेश गर्नु होला।

न्यायाधीश

ईति सम्बत् २०७२ साल चैत महिना १ गते रोज २ शुभम् ---------------------